"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

An ISO 9001: 2015 Certified Academy

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

quality austria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0

MEMBER OF IQNET CERTIFIED MANAGEMENT SYSTEM

चौमासिक बुलेटिन | वर्ष ५ | अङ्क १ | (२०८१ श्रावण - २०८१ कार्तिक)

## यस अङ्कमा........


- प्रशिक्षण परिषद्को सातौं बैठक सम्पन्न
- प्रदेश तथा स्थानीय तहमा नवनियुक्त अधिकृतस्तरका कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम सम्पन्न
- गण्डकी प्रदेशस्थित तालिम प्रदायक संस्थाका प्रशिक्षकहरूका लागि पेसागत क्षमता विकास सम्बन्धी तालिम सम्पन्न
- माननीय मुख्यमन्त्री समक्ष वार्षिक प्रतिवेदन पेश
- गुण व्यवस्थापन प्रणाली सम्बन्धी सम्बाद सम्पन्न
- छैटौं तहका अधिकृत कर्मचारीहरूका लागि सेवाकालीन तालिम प्रारम्भ
- आधारभूत कार्यसञ्चालन कार्यविधि प्रकाशन
- विविध


## प्रशिक्षण परिषद्को सातौं बैठक सम्पन्न

यस प्रतिष्ठानको प्रशिक्षण परिषद्को सातौं बैठक प्रदेश सरकारका माननीय मुख्यमन्त्री एवम् प्रशिक्षण परिषद्का अध्यक्ष सुरेन्द्रराज पाण्डेको अध्यक्षतामा मिति २०८१/०४/१० गते सम्पन्न भयो। उक्त बैठकबाट प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृतस्तर दशौं तहका कर्मचारीको उच्चस्तरीय व्यवस्थापन तालिम पाठ्यक्रम, प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश र स्थानीय तहमा सिफारिस भएका अधिकृतस्तरका कर्मचारीको सेवा प्रवेश तालिम पाठ्यक्रम एवम् प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत भएको थियो। बैठकमा आ.व. २०८०/०८१ को प्रगति समीक्षा गरिनुका साथै आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम अनुमोदन र अन्य




समसामयिक विषयहरूमा छलफल समेत भएको थियो। बैठकमा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रदेश लोक सेवा आयोगका अध्यक्ष, गण्डकी विश्वविद्यालयका उपकुलपति, प्रदेश सरकारका प्रमुख सचिव एवम् सचिवहरू लगाएतको उपस्थिति रहेको थियो।




## प्रदेश तथा स्थानीय तहमा नवनियुक्त अधिकृतस्तरका कर्मचारीका लागि सेवा प्रवेश तालिम सम्पन्न

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश पोखराबाट स्थायी नियुक्तिका लागि सिफारिस भएका प्रशासन, लेखा, राजस्व, तथ्याङ्क र विविध सेवाका अधिकृतस्तर सातौं तहका कर्मचारीहरूको १५ दिने सेवा प्रवेश तालिम मिति २०८१/०४/१४ देखि २०८१/०४/३० सम्म सम्पन्न भयो।

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा तथा समूहमा सिफारिस भएका सातौं तहका अधिकृतहरूका लागि आयोजित सेवा प्रवेश तालिमले उल्लेखित पदमा रही निर्वाह गर्नुपर्ने कार्यजिम्मेवारीलाई प्रभावकारी बनाउन, कर्मचारीलाई काम गर्ने संगठनहरूसँग परिचित गराउन, सार्वजनिक सेवाको परिवेशको जानकारी गराउन, कार्यजिम्मेवारी अनुसारको सेवाप्रवाह प्रभावकारी बनाउन, राष्ट्रसेवकको आचरणमा सुधार गर्न, स्वच्छ र भ्रष्टचार विहीन तथा प्रभावकारी कर्मचारीतन्त्रको विकास गर्न, कर्मचारी प्रशासन तथा विकास कार्यको सञ्चालन तथा यसको प्रतिफल जनतामा वितरण गर्ने कार्यमा आधारभूत सीप तथा तौर तरिकाहरूबारे जानकारी दिन, समूहमा काम गर्ने सीप विकासमार्फत मनोवल उच्च बनाई कार्यसन्तुष्टि अभिवृद्धि गर्ने सीप सम्बन्धी विषयवस्तुहरू सहित कर्मचारी व्यवस्थापनका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र अनुभव तथा विकासका विभिन्न मोडेलहरू बारे जानकारी गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।




उक्त कार्यक्रमको शुभारम्भ सत्र प्रतिष्ठानका कार्यकारी निर्देशक श्री ऋषिराम पाण्डेको अध्यक्षता र गण्डकी प्रदेशका प्रमुख सचिव श्री लक्ष्मी कुमारी बस्नेतको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो। शुभारम्भ सत्रमा मन्तव्य राख्दै प्रमुख सचिवले विगतमा सेवा प्रवेश तालिम ५ दिनको भएकोमा तालिम अवधि बढाउन आवश्यक देखेर यसै वर्षदेखि १५ दिनको पाठ्यक्रम स्विकृत गरिएको जानकारी गराउनुभयो। उहाँले १५ दिनको तालिमले नवनियुक्त अधिकृतहरूलाई कार्यवातावरणसँग परिचित हुन र व्यवहारिक पक्षहरूको जानकारी लिन सहयोग गर्ने विचार व्यक्त गर्नुभएको थियो। शुभारम्भ सत्रको समापन मन्तव्य राख्दै प्रतिष्ठानका कार्यकारी निर्देशकले गण्डकी प्रदेश तथा गण्डकी प्रदेशस्थित स्थानीय तहहरूको शासकीय क्षमता अभिवृद्धिको दिशामा प्रतिष्ठान लागिरहेको धारणा राख्नु भएको थियो। तालिममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा र गण्डकी प्रदेश स्थित विभिन्न स्थानीय तहहरूमा नियुक्त अधिकृतस्तरका कर्मचारीहरू गरी जम्मा ५४ जनाको सहभागिता थियो जसमध्ये महिला सहभागी १२ जना रहेका थिए भने पुरुष सहभागी ४२ जना रहेका थिए। २ समुहमा सञ्चालन गरिएको उक्त तालिम विहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म यसै प्रतिष्ठानको तालिम हलमा सञ्चालन गरिएको थियो। तालिम सहजीकरणका लागि प्रतिष्ठानमा कार्यरत जनशक्तिको साथै सम्बन्धित विषयका विज्ञ प्रशिक्षकको व्यवस्थापन गरिएको थियो।

समापन सत्र प्रतिष्ठानका कार्यकारी निर्देशक श्री ऋषिराम पाण्डेको अध्यक्षता, गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेको प्रमुख आतिथ्यता र गण्डकी प्रदेशका प्रमुख सचिव श्री लक्ष्मी कुमारी बस्नेतको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको थियो। समापन सत्रमा सहभागिहरूले तालिम उपलब्धिमूलक रहेको धारणा राख्दै प्रभावकारी सार्वजनिक सेवा प्रवाहमा आफुहरू प्रतिवद्ध रही कार्य गर्ने बताएका थिए। समापन सत्रमा आफ्नो मन्तव्य राख्दै माननीय मुख्यमन्त्री सुरेन्द्राज पाण्डेले कर्मचरीहरूको सेवा प्रवाह र व्यवहारमा सरकारको प्रभावकारिता झल्कने हुँदा आम नागरिकको सरकार र सरकारी कार्यालयहरू प्रतिको दृष्टिकोणमा परिवर्तन ल्याउन सकारात्मक सोचका साथ अगाडी बढ्न कर्मचारीलाई निर्देशन दिनुभयो। प्रमुख सचिव श्री लक्ष्मी कुमारी बस्नेतले कर्मचारीहरूलाई नागरिक सेवामा समर्पित भएर लाग्न अनुरोध गर्नुभयो। तालिमको समापन मन्तव्य राख्दै प्रतिष्ठानका कार्यकारी निर्देशकले आगामि दिनहरूमा पनि कर्मचारीहरूलाई क्षमता विकासका विभिन्न कार्यक्रमहरू आयोजना गरिने कुरा उल्लेख गर्नुभएको थियो। माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सहभागिहरूलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो।



## गण्डकी प्रदेशस्थित तालिम प्रदायक संस्थाका प्रशिक्षकहरूका लागि पेशागत क्षमता विकास सम्बन्धी तालिम सम्पन्न

प्रशिक्षण गर्नका लागि आवश्यक पर्ने सीप, ज्ञान, नयाँ र समसामयिक प्रशिक्षण विधि आदिको बारेमा गण्डकी प्रदेशमा रहेका तालिम प्रदायक संस्थाहरूमा तालिम सञ्चालन र व्यवस्थापनमा संलग्न सरकारी कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने अभिप्रायले मिति २०८१ असोज २० देखि २२ गतेसम्म पेशागत क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिएको थियो।




तालिम गण्डकी प्रदेशस्थित पर्वत, तनहुँ र कास्कीका सरकारी तालिम केन्द्रमा कार्यरत १२ जना कर्मचारीको सहभागिता रहेको थियो। उक्त तालिममा सहभागी १२ जना मध्ये महिला सहभागी ५ जना रहेका थिए भने पुरुष सहभागी ७ जना रहेका थिए। कार्यक्रम विहान १०.०० बजेदेखि बेलुका ५.०० बजेसम्म यसै प्रतिष्ठानको तालिम हलमा सञ्चालन गरिएको थियो।

कार्यक्रमको सहजीकरण अनुभवी विज्ञ प्रशिक्षक श्री कपिल न्यौपाने र वेद प्रसाद सापकोटाले गर्नुभएको थियो। प्रशिक्षण सहभागितामूलक तवरले सञ्चालन गरिएको थियो। उक्त तालिममा प्रशिक्षण आवश्यकताको पहिचान, प्रशिक्षण योजना तथा प्रशिक्षण

सामग्री निर्माण, प्रशिक्षण सञ्चालन, प्रशिक्षण मूल्याङ्कन र प्रशिक्षण व्यवस्थापनका लागि आवश्यक ज्ञान र सीपको बारेमा विस्तृत रुपमा अभ्यास तथा छलफल भएको थियो।

प्रतिष्ठानले गण्डकी प्रदेशमा सञ्चालन गरिने सबै खालका तालिममा एकरुपता आउन सकोस भन्ने अभिप्रायले विगत वर्षहरूदेखि नै प्रशिक्षकहरूको क्षमता विकासको पाटोमा काम गर्दै आइरहेको छ।

उक्त कार्यक्रमको शुभारम्भ प्रतिष्ठानका उपसचिव श्री नारायण प्रसाद पौडेलबाट अनौपचारिक रुपमा भएको थियो। तालिमको समापन कार्यक्रम प्रतिष्ठानका कार्यकारी निर्देशक श्री ऋषिराम पाण्डेको अध्यक्षतामा सम्पन्न भएको थियो। सम्पूर्ण सहभागीहरूलाई प्रमाणपत्र वितरणका साथ तालिम कार्यक्रम समापन गरिएको थियो।



## मानननीय मुख्यमन्त्री समक्ष वार्षिक प्रतिवेदन पेश

गण्डकी प्रदेश प्रशिक्षण प्रतिषठान ऐन २०७५ बमोजिम आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन मिति २०८१ भाद्र १७ गतेका दिन प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पण्डेले प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्र राज पाण्डे समक्ष पेश गर्नुभयो। उक्त प्रतिवेदनमा प्रतिष्ठानले आ.व. २०८०/०८१ मा सम्पदन गरेका कार्यहरू, प्रतिष्ठानको भौतिक तथा वित्तीय प्रगति, सबल पक्षहरू र समस्याहरू उल्लेख गरिएको छ। उक्त प्रतिवेदन प्रतिष्ठानका विविध गतिविधिहरूका बारेमा जानकारी राख्न चाहनेहरूका लागि महत्वपूर्ण दस्तावेज बन्ने अपेक्षा राखिएको छ।



## छैटौं तहका अधिकृत कर्मचारीहरूका लागि सेवाकालीन तालिम प्रारम्भ

स्थानीय तह तथा प्रदेशका विभिन्न कार्यालयहरूमा कार्यरत छैटौं तहका स्थायी कर्मचारीहरूका लागि ३० कार्यदिने सेवाकालीन तालिम मिति मिति २०८१ कार्तिक ५ गतेदेखि सञ्चालन भइरहेको छ। कर्मचारीहरूमा भैरहेको ज्ञान र सीपमा अझ बढी निखारता ल्याउन र कार्यसम्पादनलाई सहज बनाउने उद्देश्यका साथ सञ्चालन गरिएको यस तालिम कार्यक्रमले कर्मचारीहरूको वृत्तिविकासमा समेत महत्वपूर्ण भूमिका खेल्दछ।

प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले पानसमा दिप प्रज्वलन गरी कार्यक्रमको औपचारिक रुपमा शुभारम्भ गर्नुभएको थियो। मिति २०८१/०८/१४ गतेसम्म सञ्चालन गरिने यस तालिम कार्यक्रममा ६१ जना कर्मचारीहरको सहभागिता रहेको छ। तालिम कार्यक्रम प्रतिष्ठानका आन्तरिक जनशक्ति तथा सम्बन्धित विषयका विज्ञ बाह्य सहजकर्ताहरूलाई आमन्त्रण गरी सञ्चालन गरिएको छ।




## आधारभूत कार्यसञ्चालन कार्यविधि प्रकाशन

प्रतिष्ठानले Beyond Training को अवधारणालाई कार्यान्वयन गर्ने उद्देश्यले विभिन्न विषयका स्वाध्ययन सामग्री (Standard Operating Procedure-SOP) प्रकाशन गर्दै आइरहेको छ। यस प्रतिष्ठानबाट विगतमा ३ वटा आधारभूत कार्यसञ्चालन कार्यिविधि प्रकाशन भैसकेका छन्। यस वर्ष पनि सार्वजिनक निकायको जिन्सी प्रशासनलाई व्यवस्थित गरी नियमितरुपमा कार्यसम्पादन गर्न सहजता होस् भन्ने उद्देश्यका साथ सार्वजनिक निकायको जिन्सी प्रशासन तथा व्यवस्थापनसम्बन्धी आधारभूत कार्यसञ्चालन कार्यविधि तयार गरी प्रकाशन गरिएको छ।

उक्त कार्यविधिले सार्वजनिक निकायमा सम्पत्तिको स्रेस्ता राख्नेदेखि सम्पत्तिको संरक्षण र सोको सदुपयोग गरी कार्यालयको समग्र प्रशासन तथा सेवाप्रवाहलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। सम्पत्ति व्यवस्थापनमा कार्यरत कर्मचारीहरूका लागि तालिमका साथसाथै आवश्यक परेको समयमा उनीहरूको कामकारवाहीलाई सहजीकरण र मार्गनिर्देश गर्न लिखित दस्तावेजको आवश्यकता महशुस गरी यो कार्यविधि तयार गरिएको हो। यस किसिमको कार्यविधिको प्रयोगबाट कार्यालयको जिन्सी प्रशासन थप

व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन हुने, कर्मचारीहरूको दैनिक कार्यसम्पादन दक्ष र प्रभावकारी हुने एवम् सम्बन्धित कर्मचारीको कार्यविवरण अनुसारको कार्यसम्पादन अनुगमन र मूल्याङ्कन गर्न समेत सहज हुने अपेक्षा गरिएको छ।




## गुण व्यवस्थापन प्रणाली सम्बन्धी सम्बाद सम्पन्न



तालिम, प्रशिक्षण तथा शिक्षण-सिकाई क्रियाकलापमा संलग्न सरकारी निकायहरूका साथै शैक्षिक संस्था, निजी तथा सार्वजनिक प्रशिक्षण तथा तालिम प्रदायक संस्थाहरूलाई पनि गुण व्यवस्थापन प्रणालीमा समावेश गर्ने र गुणस्तरीय शिक्षण-सिकाई क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्ने अभिप्रायले मिति २०८१ आश्विन १ गते गुण व्यवस्थापन प्रणाली सम्बन्धी सम्बाद कार्यक्रम सम्पन्न भयो। सम्बाद कार्यक्रमलाई National Certification & Management Nepal Pvt. Ltd. का गुण व्यवस्थापन प्रणाली तथा ISO Certification विज्ञ डा. जनार्दन घिमिरेले प्रशिक्षकको रूपमा सहजीकरण गर्नु भएको थियो। बिभिन्न निकायबाट उपस्थित १७ जना सहभागी मध्ये १ जना महिला र १६ जना पुरुष रहेका थिए। उक्त सम्बाद कार्यक्रममा सबै तालिम प्रदायक निकाय तथा शैक्षिक संस्थाहरूबाट गुणस्तर नियन्त्रणमा आफूले गरिआएका अभ्यासहरूको बारेमा अनुभव आदान प्रदान तथा छलफल गरिएको थियो। सहभागीहरूलाई समूहमा विभाजन गरी गुण व्यवस्थापन प्रणाली प्रवर्द्धनका लागि सम्बन्धित कार्यालयहरूले के कस्ता कार्य गर्ने भनी समूह कार्य गर्न लगाइएको थियो। समूह कार्यमा सहभागी सबै समूहले गुण व्यवस्थापनका उपाय पहिचान गर्नुका साथै आ-आफ्ना निकायहरूलाई गुण व्यवस्थापन प्रणालीमा आवद्ध गराउने प्रयास गर्ने कुरा समेत राखेका थिए। समापन सत्रमा सहभागीहरूले यस प्रकारका सम्बाद आयोजना गरेकोमा प्रतिष्ठानलाई धन्यवाद दिएका थिए भने प्रतिष्ठानका कार्यकारी निर्देशकबाट सहभागी सबैजनालाई धन्यवाद मन्तव्य सहित कार्यक्रम समापन भएको थियो।



## विविध

### युरोपेली संघका प्रतिनिधिसँग छलफल



मिति २०८१ आश्विन १ गते तदनुसार १७ सेप्टेम्बर २०२४ का दिन प्रतिष्ठानका कार्यकारी निर्देशक र युरोपेली संघका नेपालका लागि Delegation प्रमुख Jose Luis Vinuesa-Santamaria सँग प्रतिष्ठानले हालसम्म हासिल गरेका उपलब्धीहरूका बारेमा छलफल भएको थियो। आगामी दिनहरूमा प्रतिष्ठान र युरोपेली संघका बीच गर्न सकिने सम्भावित सहकार्यका बारेमा समेत उक्त भेटमा छलफल भएको थियो।

## क्षमता विकासमा हाम्रो योगदान

| विषय क्षेत्र | आ.व. २०८१/०८२ | हालसम्म |
|---|---|---|
| सेवाकालीन तालिम* | २ | २० |
| अन्य तालिम | २ | ४७७ |
| तालिम सामग्री निर्माण | १ | ७ |
| सवाल केन्द्रित संवाद | | १० |
| अनुसन्धान | | ४ |
| स्थानीय तहको आवधिक योजना निर्माण | | ४७ |
| स्थानीय तहको क्षमता विकास योजना निर्माण | | ४९ |
| स्थानीय तहको राजश्व सुधार योजना निर्माण | | ६२ |
| स्थानीय तहको लैससास रणनीति निर्माण | | ६८ |
| कार्यसञ्चालन कार्यविधि (SOP) | १ | ४ |
| **हालसम्म जम्मा प्रशिक्षार्थी** | १८५०४ | |

**विस्तृत जानकारीका लागि:**
फोनः +९७७-६१-५७१०८०, ५७०१४६ | इमेलः academy.gandaki@gmail.com | वेभसाइटः www.gpta.gandaki.gov.np